# दरै महिलाहरुको जीविकोपार्जनको अवस्था

## (तनहुँ व्यास नगर भादगाउँमा आधारित समाजशास्त्रीय अध्ययन)

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय

अन्तर्गत समाजशास्त्र विषय स्नातकोत्तर तहको

आंशिक आवश्यकता परिपूर्तिको

प्रयोजनको लागि प्रस्तुत

**शोधपत्र**

**प्रस्तुतकर्ता**

**जमुना श्रेष्ठ**

रोल नं. १४३/०६६

त्रि.वि. दर्ता नं. ६-१-४८-६२९-९९

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

पृथ्वीनारायण बहुमुखी क्याम्पस

पोखरा, कास्की

२०७३

त्रिभुवन विश्व विद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
समाजशास्त्र तथा ग्रामीण विकास विभाग

# पृथ्वीनारायण क्याम्पस

भीमकाली पाटन, वगर, कास्की

## सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र तथा ग्रामीण विकास विभागद्वारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तह दोस्रो वर्षको शोधपत्रको आंशिक आवश्यकता परिपूर्तिका लागि शोधकर्ता छात्रा श्री जमुना श्रेष्ठले **दरै महिलाहरुको जीविकोपार्जनको अवस्था (तनहुँ व्यास नगर भादगाउँमा आधारित समाजशास्त्रीय अध्ययन)** शीर्षकको शोधपत्र मेरो प्रत्यक्ष सुझाव र निर्देशनमा तयार गर्नुभएको हो । यो शोधपत्र समुचित मूल्याङ्कन तथा स्वीकृतिका लागि शोधपत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

.........................................

नेत्रनारायण पौडेल

**शोध निर्देशक**

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

पृथ्वी नारायण क्याम्पस, पोखरा

२०७३ चैत्र

त्रिभुवन विश्व विद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

# पृथ्वीनारायण क्याम्पस

भीमकाली पाटन, वगर, कास्की

## स्वीकृति पत्र

यस विभागका विद्यार्थी 'श्री जमुना श्रेष्ठ' ले समाजशास्त्र विषयको स्नातकोत्तर तह उपाधिको आंशिक आवश्यकता पूर्तिको लागि **दरै महिलाहरुको जीविकोपार्जनको अवस्था ( तनहुँ व्यास नगर भादगाउँमा आधारित समाजशास्त्रीय अध्ययन**) शीर्षकमा तयार पारिएको शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिका निम्ति उपयुक्त ठहरिएकोले स्वीकृत गरिएको छ।

**शोधकार्य मूल्याङ्कन समिति**

| | | |
|---|---|---|
| ............................... | ............................... | ......................... |
| नेत्रनारायण पौडेल | ......................... | प्रा.डा. विश्वकल्याण पराजुली |
| शोध निर्देशक | वाह्य परीक्षक | विभागीय प्रमुख |

२०७३ चैत्र

# कृतज्ञता ज्ञापन

मानव विकासको आदिम अवस्थामा रहेको समाजलाई वर्तमान परिस्थितिमा ल्याउन समयानुकुल परिवर्तनहरु भई आएको सर्वविदितै छ । भौगोलिक बनोट, हावापानी, धार्मिक तथा सांस्कृतिक विषमताले सम्पन्न विभिन्न जातिको संगम थलोको रुपमा चर्चित यो देशको विभिन्न जातिहरु मध्ये दरै जाति पनि एक हो । दरै जाति नेपालको पिछडिएको अल्पसंख्यक जनजाति हो । यसै अन्तर्गत **तनहुँ व्यास नगरपालिकाका दरै महिलाहरुको जीविकोपार्जनको अवस्था** शीर्षकमा यो शोधपत्र तयार पारेको छु । अनुसन्धानमूलक कार्यले साँघुरो क्षेत्र ओगटेको हुनाले सम्पूर्ण दरै जातिको वास्तविकतालाई समेटी सशक्त बनाउन कठिन हुन्छ । त्यसैले यस समुदाय सम्बन्धी चासो र जिज्ञासा राख्नेहरुका लागि थोरै मात्रामा भए पनि यिनीहरुको आर्थिक, शैक्षिक, सामाजिक, सांस्कृतिक, धार्मिक जीवनयापनका बारेमा सामान्य ज्ञान प्राप्त गर्न सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु ।

यस शोधकार्यलाई सुव्यवस्थित गरी लक्ष्य प्राप्ति तर्फ डोऱ्याउन आवश्यक अनुसन्धानका समग्र विधि, प्रक्रिया एवं न्यूनतम मूल्य मान्यताबाट निर्देशित रहेर कार्य क्षेत्रमा लागि पर्न र शोधपत्रलाई मूर्त रुप दिनका साथै विलम्ब हुनाबाट हर्दम सचेत बनाउने, हौसला र प्रेरणा दिनुहुने श्रद्धेय गुरु शोध निर्देशक नेत्रनारायण पौडेलज्यूप्रति कृतज्ञता प्रकट गर्दछु । शोधपत्र तयारीको क्रममा अमूल्य समय दिएर सहयोग गर्नु हुने आदरणीय गुरु सूर्यभक्त सिग्देल, अमृतकुमार भण्डारी र सिंगो समाजशास्त्र तथा ग्रामीण विकास विभागप्रति आभार व्यक्त गर्दछु ।

शोधकार्य तयार पार्ने क्रममा शोध प्रस्तावना लेखनदेखि सम्पन्नताको चरणसम्म आइपुग्दा आफ्नो अमूल्य समय प्रदान गर्नुहुने आदिकवि भानुभक्त क्याम्पस दमौलीका आदरणीय गुरु तिलबहादुर थापाज्यूप्रति सम्मान व्यक्त गर्न चाहन्छु । शोधकार्य लेखनमा सामग्री संकलनमा सहयोग पुऱ्याउने पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पोखरा, आदिकवि भानुभक्त क्याम्पस दमौली तनहुँ पुस्तकालयका कर्मचारीहरुको सहयोगप्रति धन्यवाद दिन चाहन्छु ।

स्नातकोत्तर तहसम्म अध्ययन गर्न प्रेरणा दिँदै हरेक क्षेत्रबाट सदा सहयोग, सल्लाह, सुझाव र हौसला दिई अग्रता प्रदान गर्नुहुने स्व. बुबा रत्नकुमार श्रेष्ठ, आमा चन्द्रमाया श्रेष्ठ, भिनाजु श्रीप्रसाद श्रेष्ठ र दिदी चमेली लगायत मेरा सबै दिदी भिनाजुहरुप्रति पूर्णत

आभारी छु । विभिन्न दुःखकष्ट सहेर मेरो शिक्षामा लगानी गर्ने साथै मलाई निरन्तर पढाईमा हौसला प्रदान गर्ने जीवनसाथी रामकुमार श्रेष्ठ र छोरी जेसिकाप्रति हृदयदेखि सम्मान र प्रशंसा व्यक्त गर्दछु । शोधपत्र तयार गर्ने क्रममा सहयोग गर्नुहुने दिदी प्रभा श्रेष्ठ, उमा दरै, जमुना दरै र संगिता दरै लगायत सम्पूर्ण उत्तरदाता, सूचनादाता, जि.वि.स., न.पा. तथा टोल सुधार समितिप्रति आवश्यक द्वितीय तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु । सङ्कलित सामग्रीहरुलाई होसियारीपूर्वक कम्प्युटर टाइप गर्नुहुने स्वस्तिका स्टेशनरी दमौलीका प्रेमबहादुर आले मगरलाई पनि यस अवसरमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

२०७३ चैत्र

**जमुना श्रेष्ठ**

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

पृथ्वी नारायण बहुमुखी क्याम्पस

भीमकाली पाटन, बगर, कास्की

# शोधसार

प्रस्तुत शोध अध्ययन स्नातकोत्तर तह समाजशास्त्र विषयको दशौं पत्रको आंशिक आवश्यकता पूरा गर्ने सिलसिलामा तयार पारिएको हो । तनहुँ व्यास न.पा. वडा नं. १ भादगाउँका दरै महिलाहरुको आर्थिक उपार्जनका कार्य, पेशागत कार्य तथा संलग्नता, पारिवारिक व्यवहार, शैक्षिक , सामाजिक, सांस्कृतिक अवस्था बारे खोजमूलक अध्ययन गर्नका लागि दरैहरुको १३५ घर परिवार मध्ये १०५ घर परिवारलाई नमुना छनोट गरी उत्तरदाताहरुसँग प्रश्नावली, अवलोकन अन्तरवार्ता र वैयक्तिक अध्ययनबाट प्राप्त सूचना, तथ्याङ्क र जानकारीका आधारमा समस्याहरुको विश्लेषण गरिएको छ । यसबाट गुणात्मक र सङ्ख्यात्मक तथ्याङ्कहरु प्राथमिक तथ्याङ्कको रुपमा प्राप्त भएका छन् । विभिन्न लेख, रचना, समीक्षा, जि.वि.स., नगरपालिका, टोल सुधार समितिको अभिलेखहरुबाट केही द्वितीय खालका तथ्याङ्कहरु लिइएका छन् । सङ्ख्यात्मक रुपमा प्राप्त तथ्याङ्कलाई तालिकीकरणमा देखाइ साथै अनुसन्धान कार्यलाई बढी विश्लेषणात्मक र यथार्थताको नजिक पुऱ्याउन केही वैयक्तिक अध्ययन कार्य पनि सम्पन्न गरिएको छ ।

शिक्षाको पहुँचभित्र रहेका दरैहरुको शैक्षिक अवस्था कमजोर छ । उनीहरु शिक्षामा पछाडि परेकै कारण राज्यको कुनै पनि तह र क्षेत्रमा रोजगारीमा नगण्य रुपमा संलग्न छन् । साक्षरता हासिल गरेकाहरुको पनि स्तर कमसल र टिकाउ छैन । विभिन्न कारणहरु मध्येबाट आर्थिक कारण कुन हदसम्म जिम्मेबार छन् तथा आयआर्जन, आधुनिकीकरण र शहरीकरणको प्रभावले जीवनशैलीमा आएको परिवर्तन बारे वर्णनात्मक र अन्वेषणात्मक विधिमा आधारित रही तथ्याङ्क संकलन गरी विश्लेषण गर्नु यस अध्ययनको औचित्य रहेको छ ।

गुजारामुखी खेती प्रणाली, बढ्दो परिवार सङ्ख्या सीमित खेती योग्य जमिन, अन्य जातिको बसाइसराइ, शोषण र अतिक्रमणका कारण परम्परागत पेशा कृषि तथा पशुपालनले आफ्नो परिवारको गुजारा चलाउन मुस्किल परेको हुनाले कृषि बाहेक विकल्प पेशाको रुपमा रोजगारी, शिक्षक, व्यापार व्यवसाय, सेना, प्रहरी तथा वैदेशिक रोजगारीको लागि जानेको सङ्ख्या क्रमशः बढ्दो रहेको छ भने केही महिलाहरु विभिन्न संघसंस्थामा संलग्न भइ सेवारत देखिन्छन् । शैक्षिक योग्यता भएका व्यक्तिको सङ्ख्यामा कमी तथा शैक्षिक योग्यताको निश्चित मापदण्ड भइ कडा प्रतिस्पर्धामा उत्रन नसक्नाका कारण यस क्षेत्रका

दरैहरु जागिर प्राप्त गर्ने कुरामा पछाडि छन् त्यसैले दरै महिलाहरुको कमजोर पक्ष भनेको आर्थिक र शैक्षिक पक्ष भएकाले यस वस्तीमा आयमूलक, सीपमूलक, चेतनामूलक कार्यक्रम संचालन गरी कृषि कार्यलाई आधुनिक र पशुपालनलई व्यावसायिक रुपमा अगाडि बढाउनु पर्दछ भन्ने यस अध्ययनको सार रहेको छ ।

# विषय सूची


| | पृष्ठ सङ्ख्या |
|---|---|
| **सिफारिस पत्र** | **i** |
| **स्वीकृति पत्र** | **ii** |
| **कृतज्ञता ज्ञापन** | **iii** |
| **विषय सूची** | **V** |
| **तालिका सूची** | **ix** |
| **चित्र सूची** | **x** |
| **दरै भाषाको नेपालीमा अर्थ** | **xi** |
| **शोधसार** | **xii** |

| क्र.सं. | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| | **परिच्छेद : एक** | |
| | **परिचय** | **१-७** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनका उद्देश्यहरु | ४ |
| १.४ | अध्ययनको महत्त्व | ४ |
| १.५ | अध्ययनको सीमा | ५ |
| १.६ | अवधारणात्मक ढाँचा | ६ |
| १.७ | अध्ययनको संगठन | ६ |
| | **परिच्छेद : दुई** | |
| | **पूर्व साहित्यको समीक्षा** | **८-१५** |
| २.१ | ऐतिहासिक पृष्ठभूमि | ८ |
| | २.१.१ दरै जातिको परिचय | ८ |
| | २.१.२ दरै जातिको उत्पत्ति | १० |

२.२ सैद्धान्तिक समीक्षा ११
२.३ मार्क्सवादी धारणा १४
२.४ पुटिङ पिपल फस्ट सिद्धान्त १४
२.५ लैङ्गिक अवधारणा १५

**परिच्छेद : तिन**

**अध्ययन विधि र प्रक्रिया १६-१८**
३.१ अध्ययन क्षेत्रको छनोट १६
३.२ अनुसन्धान ढाँचा १६
३.३ नमुना छनोट विधि १६
३.४ तथ्याङ्कको स्रोत र प्रकृति १७
३.५ तथ्याङ्क सङ्कलन विधि १७
३.५.१ प्रश्नावली १७
३.५.२ अवलोकन १७
३.५.३ अन्तरवार्ता १८
३.५.४ वैयक्तिक अध्ययन १८
३.६ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण १८

**परिच्छेद : चार**

**अध्ययन क्षेत्रको सामान्य परिचय १९-२४**
४. पृष्ठभूमि १९
४.१ तनहुँ जिल्लाको भौगोलिक परिचय २०
४.१.१ व्यास नगरपालिकाको सामान्य परिचय २१
४.१.२ अध्ययन क्षेत्र व्यास न.पा. १ भादगाउँको परिचय २३
४.१.३ भादगाउँका महिलाहरुको स्थिति २३

## परिच्छेद : पाँच


**आयआर्जन र जीविकोपार्जनको अवस्था** **२५-६३**

५.१ सामाजिक जनजीवन २५

५.१.१ घरको बनावट र ढाँचा २६

५.१.२ परिवार प्रथा २७

५.१.३ भाषा ३०

५.१.४ धर्म ३१

५.२ शैक्षिक अवस्था ३२

५.३ आयआर्जनबाट सामाजिक सांस्कृतिक जीवनमा पारेको प्रभाव ३४

५.३.१ जन्म ३५

५.३.२ विवाह ३६

५.३.३ मुत्यु संस्कार ३७

५.३.४ चाडपर्व र मनोरञ्जन ३८

५.३.५ स्वास्थ्य उपचार ३८

५.४ भादगाउँका दरै महिलाहरुको आयआर्जन ३९

५.४.१ कृषि ३९

५.४.२ पशुपालन ४१

५.४.३ खेती गर्ने तरिका ४२

५.४.४ उत्पादित अन्नको मात्रा ४२

५.४.५ व्यापार ४४

५.४.६ उद्योगधन्दा ४५

५.४.७ नोकरी तथा वैदेशिक रोजगारी ४६

५.४.८ पेन्सन ४७

५.४.९ मुख्य पेशा ४८

५.५ सामाजिक तथा आर्थिक क्षेत्रमा आएको परिवर्तन ४९

५.५.१ शिक्षामा आएको परिवर्तन ५१

५.५.२ आधुनिकीकरण र शहरीकरणले महिलाको स्थितिमा आएको परिवर्तन ५४

५.५.३ स्वास्थ्य सम्बन्धी चेतनामा आएको परिवर्तन ६१
५.५.४ पेशा तथा जीविकोपार्जनमा आएको परिवर्तन ६१
५.५.५ आधुनिक सामानको प्रयोगमा आएको परिवर्तन ६२
५.५.६ आर्थिक क्षेत्रमा आएका परिवर्तन ६२
५.५.७ घरको प्रकारमा आएको परिवर्तन ६२
५.५.८ आयआर्जन र जीविकोपार्जनको अवस्थाको सारांश ६३

**परिच्छेद : छ**

**सारांश, निष्कर्ष र सुझाव ६४-६८**

६.१ सारांश ६४
६.२ निष्कर्ष ६७
६.३ सुझावहरु ६८

**सन्दर्भ सूची**

**परिशिष्टहरु**

# तालिका सूची


| तालिका | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| ४.१ | धर्मको आधारमा जनसङ्ख्या | २१ |
| ४.२ | जाति अनुसारको महिला जनसङ्ख्या | २२ |
| ४.३ | उमेर समूहको आधारमा उत्तरदाताको विवरण | २४ |
| ५.१ | घरको प्रकारका आधारमा उत्तरदाताको विवरण | २७ |
| ५.२ | परिवारको किसिमको आधारमा उत्तरदाताको विवरण | २८ |
| ५.३ | परिवारको आकारको आधारमा उत्तरदाताको विवरण | २९ |
| ५.४ | घरमुलीको आधारमा उत्तरदाताको विवरण | २९ |
| ५.५ | महिलाको स्वामित्वमा घर जग्गा र चल अचल सम्पत्ति भएको आधारमा उत्तरदाताको विवरण | ३० |
| ५.६ | धर्मको आधारमा उत्तरदाताको विवरण | ३१ |
| ५.७ | शैक्षिक योग्यताको आधारमा उत्तरदाताको विवरण | ३३ |
| ५.८ | परम्परागत पेशाको आधारमा उत्तरदाताको विवरण | ४० |
| ५.९ | आफ्नो उत्पादनले परिवारलाई खान पुग्ने अवधिको आधारमा उत्तरदाताको विवरण | ४३ |
| ५.१० | परिवारको मुख्य पेशाको आधारमा उत्तरदाताको विवरण | ४९ |
| ५.११ | रोजगारीको अवस्थाको आधारमा उत्तरदाताको विवरण | ५२ |
| ५.१२ | रोजगारीको किसिमको आधारमा उत्तरदाताको विवरण (जनसङ्ख्या १६) | ५२ |
| ५.१३ | मासिक आम्दानीको आधारमा उत्तरदाताको विवरण | ५३ |
| ५.१४ | बालबालिका जाने विद्यालयको आधारमा उत्तरदाताको विवरण | ५४ |
| ५.१५ | आमा समूहमा आबद्धताको आधारमा उत्तरदाताको विवरण | ५६ |
| ५.१६ | सामाजिक संस्थामा संलग्नताको आधारमा उत्तरदाताको विवरण | ५७ |
| ५.१७ | विभिन्न किसिमको तालिमको आधारमा उत्तरदाताको विवरण | ५८ |
| ५.१८ | तालिम लिएको संस्थाको आधारमा उत्तरदाताको विवरण (जनसङ्ख्या=४६) | ५९ |
| ५.१९ | संस्थाहरुबाट ऋण लिएको आधारमा उत्तरदाताको विवरण | ६० |
| ५.२० | ऋण लिएको रकमको आधारमा उत्तरदाताको विवरण (जनसङ्ख्या=६४) | ६० |

# चित्र सूची


| चित्र | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | अवधारणात्मक ढाँचा | ६ |

# दरै भाषाको नेपालीमा अर्थ

| | |
|---|---|
| गुराउ | : झारफुक गर्ने मान्छे, झाक्री |
| मोत | : जाँड |
| सोहोराई | : वर्षभरीको बरखी फुकाउने तिहारे औशीको दिन |
| जेठापावनी | : साउने सक्रान्ति |
| फगुवा | : होली |
| धवेरी | : माछामार्ने सामान |
| गुद | : एक प्रकारको घाँस जसबाट गुन्द्री बुन्न सकिने । |
| मर्चा | : जाँडरक्सी बनाउदा प्रयोग गरिने जडिबुटीबाट बनेको औषधी |